बैठक नं: १०१

आज मितिः२०७८।०४।१४ गतेका दिन यस बाणगंगा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मंगल प्रसाद थारु ज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरु माथी छलफल गरि निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिती रहेको छ।

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | मंगल प्रसाद थारु | नगर प्रमुख | |
| २ | चक्रपाणी अर्याल | उप नगर प्रमुख | |
| ३ | बाल कुमारी पन्त | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | सन्तराम रौतार थारु | वडाध्यक्ष | |
| ६ | गणेश बहादुर क्षेत्री | वडाध्यक्ष | |
| ७ | भिष्मराज भुसाल | वडाध्यक्ष | |
| ८ | सुकदेव थारु | वडाध्यक्ष | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | |
| १० | गुणानीधि भुसाल | वडाध्यक्ष | |
| ११ | धुव्र बेल्बासे | वडाध्यक्ष | |
| १२ | राम बिहारी चौधरी | वडाध्यक्ष | |
| १३ | सोमनाथ अर्याल | वडाध्यक्ष | |
| १४ | टिका कुमारी अधिकारी | सदस्य | |
| १५ | सरिता देवी ढकाल | सदस्य | |
| १६ | योगनाथ सुनार | सदस्य | |
| १७ | कृष्ण बहादुर वि.क. | सदस्य | |
| १८ | गिता भुसाल | सदस्य | |
| १९ | केशरा गुरुङ | सदस्य | |
| २० | सावित्रा थारु | सदस्य | |
| २१ | पूर्णकला सुनार | सदस्य | पूर्णकला |
| २२ | वासुदेव खनाल | सचिव | |

बाणगंगा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाणगंगा, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

मिति: २०७८।०४।१४

## कार्यपालिका बैठकका प्रस्तावहरु-

१. म्याद थप गरिएका संघीय तथा प्रदेश सरकारको श्रोतबाट कार्यान्वयन हुने योजनाहरुको बजेट माग सम्बन्धमा।
२. बाणगङ्गा नगरपालिकाको आ.व.०७८।७९ को नगर दररेट स्वीकृत सम्बन्धमा।
३. पिपरा अस्पतालको भवन सम्बन्धमा।
४. खोपमा संलग्न स्वास्थ्य कर्मीहरुको सुविधा सम्बन्धमा।
५. कोभिडको तेस्रो लहरको लागि तयारी
६. गौतम बुद्ध मुटु अस्पताललाई सहयोग
७. बालमैत्री स्थानीय शासन घोषणा सार्वजनिकिकरण कार्यक्रमको तयारी
८. विविध

निर्णयहरु:-

निर्णय नं. १

संघीय शसर्त, विशेष तर्फका योजनाहरुको म्याद थप भएको र ती योजनाहरु बजेट फिर्ता पठाईएकोले साविक बमोजिम बजेट निकासाको लागि माग गर्ने।

निर्णय नं. २

आर्थिक वर्ष २०७८।०७९ मा कार्यान्वयन हुने गरी बाणगङ्गा नगरपालिकाको अनुसूची १ बमोजिमको नगरदररेट स्वीकृत गर्ने।

निर्णय नं. ३

पिपरा अस्पतालमा महामारी नियन्त्रणको लागि आईसोलेसन व्यवस्थापन, आकस्मिक कक्ष लगायत प्रयोजनार्थ पश्चिम गेटदेखि उत्तरतर्फ ट्रस्ट बिल्डिङ निर्माण गर्ने।

निर्णय नं. ४

कोभिड महामारी नियन्त्रणको लागि PCR Test स्वाव कलेक्सन, एन्टीजेन्ट टेस्ट र कोभिड खोप कार्यमा संलग्न कर्मचारीहरुलाई खटिएको दिनको रु.५००।- खाजा खर्च उपलब्ध गराउने।

निर्णय नं. ५

नयाँ भेरियन्ट सहितको तेस्रो लहरको महामारी विभिन्न देशमा फैलिएको र नेपालमा पनि यसको प्रभाव पर्न सक्ने भएकोले त्यसको रोकथाम र नियन्त्रणको लागि तयारीमा रहने अक्सिन सिलिन्डर नयाँ खरिद गरि स्टकमा राख्ने आईसोलेसन र आकस्मिक कक्षको तयारी गर्ने।

निर्णय नं. ६

यस क्षेत्रका मृगौला तथा मुटुरोगी मुटुसम्बन्धी उपचार र डाईलोसिसको लागि बुटवल गौतमबुद्ध मुटु अस्पतालमा जानुपर्ने र नगरपालिकाले आर्थिक सहयोग गरे ती बिरामीहरुलाई बाणगङ्गा नगरपालिकाको क्षेत्रसम्म हाईवेमा बस सेवा समेत पुराउने अस्पताल सञ्चालक समितिका पदाधिकारीरुको अनुरोध भई आएकोले यस क्षेत्रका मृगौला तथा मुटु रोगीहरुको सेवामा सहजिकरणको लागि रु.२,००,०००।- (अक्षेरुपी:दुईलाख) सहयोग उपलब्ध गराउने।

**निर्णय नं. ७**

बालमैत्री स्थानीय शासन घोषणा कार्यक्रम यही श्रावण १५ गते मायादेवी रिसोर्टमा हुने भएकोले सोको सबै तयारीहरु आज साँझ सम्म सम्पन्न गर्ने ।

**निर्णय नं. ८ विविध**

१. यस कार्यालयबाट मितिः २०७८।०३।१८ को E-Bidding मार्फत आर्थिक वर्ष ०७८।७९ को लागि आय ठेक्का बन्दोबस्तका लागि प्रकासित सूचना अनुसार तोकिएको मितिभित्र दर्ता हुन आएका शिलवन्दी दरभाउपत्रपत्रहरु मध्ये मूल्याङ्कन समितिबाट सिफारिस भई आए बमोजिम सबैभन्दा बढी बोलकबोल गर्ने दरभाउपत्रदाताहरुको तपसिल बमोजिमको दरभाउपत्र स्वीकृत गर्ने ।

| सि.नं. | ठेक्का नं. | दरभाउपत्र दाताको नाम, ठेगाना | शिर्षक | न्यूनतम अङ्क (भ्याट बाहेक) | बोलकबोल अङ्क (भ्याट बाहेक) |
|---|---|---|---|---|---|
| १ | ०१।०७८।७९ | लारी कन्स्ट्रक्सन क.व.न.पा.-१, कपिलवस्तु | पशुजन्य, वनजन्य र अन्य उत्पादनको नगर निकासी आय ठेक्का | ७,००,०००।- (सात लाख) | रु.१६,५६,८९९।- (सोह्र लाख छपन्न हजार आठसय उनान्सय) |
| २ | ०२।०७८।७९ | प्रमोद निर्माण सेवा दागीसरन-३, दाङ् | कवाडीजन्य वस्तुको नगर निकासी आय ठेक्का | ३,००,०००।- (तीन लाख) | ८,००,०००।- (आठ लाख) |

२. श्रम तथा रोजगार कार्यक्रम अन्तर्गत संचालित सामी SAAMI कार्यक्रम हालसम्म सेवा प्रदायक संस्था ईन्द्रेणी ग्रामिण विकास केन्द्र मार्फत गरिँदै आएकोमा यस आर्थिक वर्ष देखि नगरपालिका स्वयंले सञ्चालन गर्ने र हालसम्म कार्यरत कर्मचारीहरुलाई खाईपाई आएको सुविधामा नघट्ने गरी श्रम तथा रोजगार शिर्षकबाट पारिश्रमिक उपलब्ध गराउने र सो कार्यक्रम सञ्चालनको लागि आवश्यक रिक्त पद नगरपालिकाबाट पदपूर्ती गर्ने ।

३. नगरमा थप सहकारीहरु दर्ता गर्ने नगर्ने विषयमा नगरका सहकारीहरुको अवस्था पहिचान, त्यसको अध्ययन, विश्लेषण र नक्साङ्कन गरी प्रतिवेदन पेश गर्ने गरी नगर उपप्रमुख श्री चक्रपाणी अर्यालज्यूको नेतृत्वमा निम्नानुसारको सदस्यहरु रहने गरि कार्यदल गठन गर्ने र अर्को निर्णय नभएसम्मको लागि सहकारी संस्था दर्ताकार्य स्थगित गर्ने ।

**सहकारी कार्यदल**

| | |
|---|---|
| श्री चक्रपाणी अर्याल - नगर उपप्रमुख | संयोजक |
| श्री गुणानिधि भुसाल - वडा नं. ८ अध्यक्ष | सदस्य |
| श्री ध्रुव बेल्बासे - वडा नं. ९ अध्यक्ष | सदस्य |
| श्री गणेश बहादुर क्षेत्री - वडा नं. ४ अध्यक्ष | सदस्य |
| श्री सन्तोष बहादुर थापा - ना.सु. सहकारी शाखा | सदस्य सचिव |

४. घरनक्सा अभिलेखिकरण कार्य २०७८ पुष मसान्त सम्म म्याद थप गरि सम्पन्न गर्ने ।